बटेश्वर गाउँपालिकाद्धारा प्रकाशित

स्थानीय राजपत्र

खण्डः१ संख्याः२ .मिति २०८१/०६/१६

## भाग-२

# बटेश्वर गाउँपालिका

नेपालको संबिधान,२०७२ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बटेश्वर गाउँपालिकाको प्रशासकीय कार्यबिधि नियमित गर्ने सम्वन्धि ऐन,२०७५ को दफा (४) बमोजिम गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यबिधि,स्थानीय सरकार संचालन ऐन २०७४ को दफा दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## सम्वत् २०८१ सालको कार्यबिधि नं.२
## गाँउ प्रहरी बल व्यवस्थापन तथा परिचालन कार्यविधि,२०८१

**प्रस्तावना :**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ “क” २ मा उल्लेखित कार्यमा सहयोग पुऱ्याउनको लागि गाँउ प्रहरी परिचालन गर्न सोही ऐनको दफा ११ को उपदफा ७ बमोजिम बटेश्वर गाँउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागू गरिएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम “बटेश्वर गाँउपालिकाको गाँउ प्रहरी बल व्यवस्थापन कार्यविधि-२०८१” रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्विकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(ख) “गाँउपालिका” भन्नाले बटेश्वर गाँउपालिका सम्झनु पर्दछ ।

(ग) “सभा” भन्नाले बटेश्वर गाँउपालिकाको गाँउसभा सम्झनु पर्दछ ।

(घ) “गाँउ कार्यपालिका” भन्नाले बटेश्वर गाँउ कार्यपालिका भन्ने सम्झनु पर्दछ ।

(ङ) “प्रमुख” भन्नाले बटेश्वर गाँउपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत”भन्नाले बटेश्वर गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) “गाँउ प्रहरी प्रमुख” भन्नाले आफू मातहतको जनशक्तिलाई आन्तरिक रुपमा कमाण्ड गर्ने सिनियर गाँउ प्रहरी कर्मचारी भन्ने सम्झनु पर्दछ । यस शब्दले गाँउ प्रहरी प्रमुख नियुक्त नभएसम्म गाँउ प्रहरी कर्मचारीको कमाण्ड गर्ने हवल्दार वा सिनियर प्रहरी जवानलाई समेत जनाउनेछ ।

(ज) “गाँउ प्रहरी कर्मचारी” भन्नाले गाँउ प्रहरी अधिकृत, जवान र सुरक्षा गार्डको रुपमा नियुक्त कर्मचारीलाई सम्झनु पर्दछ ।

(झ) “समिति” भन्नाले दफा १२ बमोजिमको पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

(ञ) “सेवा करार” भन्नाले यस कार्यविधि बमोजिम स्वीकृत दरवन्दीमा कुनै व्यक्तिको सेवा करारमा लिने सम्झौता गरी सेवा करारमा लिने कार्य सम्झनु पर्दछ ।

(ट) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले गाँउ कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिमको व्यवस्था सम्झनु पर्दछ ।

## परिच्छेद-२

## गाँउ प्रहरी बलको क्षेत्राधिकार, सेवा गठन, रेखदेख र नियन्त्रण

**३. गाँउ प्रहरी बलको क्षेत्राधिकार :** गाँउ प्रहरी कर्मचारीको क्षेत्राधिकार प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिम बटेश्वर गाँउपालिका भित्र मात्र रहनेछ ।

**४. गाँउ प्रहरी बल सेवाको गठन :** गाँउपालिकामा एक गाँउ प्रहरी बल सेवाको गठन गरिनेछ । गाँउ प्रहरी सेवाका विभिन्न पदहरु, विभिन्न पद अन्तरगत रहने प्रहरी कर्मचारीहरुको दरवन्दी संख्या र पदपूर्ती सम्वन्धी व्यवस्था गाँउसभाले स्वीकृत गरे बमोजिम हुनेछ ।

**५. गाँउपालिकामा रहने गाँउ प्रहरी कर्मचारीको पद :** (१) गाँउपालिकामा रहने गाँउ प्रहरी कर्मचारीको पद देहाय अनुसार हुनेछ ।

(क) गाँउ प्रहरी सहायक निरीक्षक

(ख) गाँउ प्रहरी हवल्दार

(ग) गाँउ प्रहरी जवान

(२) उप-दफा (१) अनुसारका पदहरु मध्ये आवश्यकता अनुसारका पदहरु र ती पद अन्तर्गत रहने गाँउ प्रहरी कर्मचारीको दरवन्दी र संख्या गाँउसभाले स्वीकृत गर्नेछ ।

(३) उप-दफा (२) बमोजिम स्वीकृत दरवन्दी मध्ये रिक्त भएको पदमा यो कार्यविधि तथा गाँउपालिकाको प्रचलित कानुन बमोजिम पदपूर्ति गर्दा दफा १० बमोजिम गरिनेछ ।

(४) गाँउपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउने छ र त्यस्तो कार्य विवरणमा उक्त पदको काम, कर्तव्य, अधिकार र उत्तरदायित्व समेत उल्लेख गरिनेछ ।

(५) गाँउ प्रहरी प्रमुख लगायत गाँउ प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार यसै कार्यविधिमा व्यवस्था गरिए अनुसार हुनेछ ।

## परिच्छेद ३

## गाँउ प्रहरी बलको काम, कर्तव्य र अधिकार

**६. गाँउ प्रहरी बलको काम, कर्तव्य र अधिकार :** (१) गाँउ प्रहरी बल हमेशा आफ्नो ड्यूटीमा रहेको मानिनेछ । निजलाई जुनसुकै बखत पनि काममा लगाउन सकिनेछ ।

(२) गाँउ प्रहरी बलको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ :

(क) सार्वजनिक आवागमनमा बाधा अवरोध पुऱ्याई राखिएका निर्माण सामाग्रीहरु त्यस्ता पसल/व्यवसायबाट हटाउन लगाउने, नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

(ख) गाँउ क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहरमैला निर्धारित समय र स्थानमा राख्न लगाउने, अटेर गर्नेलाई कानून बमोजिम कारवाही गर्न पेश गर्ने ।

(ग) सार्वजनिक जग्गा, बाटो, मठ मन्दिर, ढल नाला, चोक, पोखरी मिची कसैले घर कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले प्रयोग गरेको छ छैन निरीक्षण गर्ने । निर्माण वा अतिक्रमण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी निर्णय गर्ने अधिकारी समक्ष पेश गर्ने, आदेश अनुसार गर्ने गराउने ।

(घ) गाँउ क्षेत्र भित्र कसैले भवन निर्माण गर्दा अनियमित ढंगले निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सापासको प्रमाण पत्र सहितको प्रतिवेदन सम्बन्धित शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष पेश गर्ने, मापदण्ड विपरित देखिई भत्काउने आदेश भएमा आदेशानुसार गर्ने गराउने ।

(ङ) छाडा पशुचौपाया पक्राउ गरी लिलामका लागि पेश गर्ने, लिलाम हुन नसकेका छाडा पशुचौपाया गाँउपालिकाले तोके बमोजिम व्यवस्थापन गर्ने, गराउने ।

(च) स्वास्थ्यका लागि हानिकारक वस्तु तथा सढेगलेको खाद्य पदार्थ बिक्री वितरणमा रोक लगाउने । तोकिएका मापदण्ड विपरित सडेगलेको हानिकारक वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहरिएमा नियमानुसार जरिवाना गर्न वा पसल वन्द गर्न, गराउन राय साथ पेश गर्ने ।

(छ) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी काटमार गर्न नदिने र त्यस्ता पशु पंक्षीको मासु विक्री वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने र नियमानुसार कारवाहीका लागि राय सहित पेश गर्ने ।

(ज) छाडा कुकुर नियन्त्रण सम्बन्धी कार्य गर्ने । बेवारिसे, मरेका पशुपंक्षिको समयमै उचित व्यवस्थापन गर्न लगाउने ।

(झ) सडक आवागमन वा सर्व साधारणको लागि खतरा देखिएका रुख र हाँगाविगाहरु हटाउन लगाउने । जोखिमपूर्ण घर, पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गरी आदेशानुसार गर्ने गराउने ।

(ञ) वडा समिति, टोल विकास संस्था वा अन्य सामाजिक संघ संस्था र सुरक्षा निकायसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(ट) गाँउ कार्यपालिका, विभिन्न समिति, उप-समिति विभाग तथा शाखाहरुबाट लागू हुने नीति नियम, निर्णय, मापदण्ड र गाँउपालिकाको विद्यमान कानून कार्यान्वयन गर्ने ।

(ठ) गाँउमा सु-व्यवस्था कायम गर्ने, गाँउपालिकाको चल अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने ।

(ड) गाँउपालिका क्षेत्रमा इजाजत विना पेशा व्यवसाय गरेको फेला परेमा सम्बन्धित निकायबाट पेशा/व्यवसायको दर्ता नविकरण गर्न लगाउने । त्यस्ता पेशा/व्यवसाय गाँउपालिकामा दर्ता भए नभएको र दर्ता भए पनि नविकरण भए नभएको हेरी दर्ता वा नविकरण गर्न लगाउने ।

(ढ) गाँउ क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचार प्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने, अटेर गर्नेलाई कारवाही गर्ने ।

(ण) विना इजाजत व्यानर, होडिङ्ग बोर्ड ग्लोबोर्ड लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाइएमा पक्राउ गरी इजाजत लिन लगाउने, नमानेमा कारवाही गर्ने ।

(त) गाँउपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रमहरुमा सुरक्षा प्रदान गर्ने र तोकिए बमोजिम गाँउपालिकाको तर्फबाट प्रतिनिधित्व गर्ने ।

(थ) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल/व्यवसाय स्थलमा मूल्य सूची राख्न लगाई नियमित अनुगमन गर्ने ।

(द) होटल, रेष्टुरेण्ट, गेष्ट हाउस, मसाज, पार्लर जस्ता व्यावसायमा हुने गतिविधिहरुको निरीक्षण गर्ने, मापदण्ड अनुरुप सञ्चालन भएको नदेखिएमा कारवाहीको लागि पेश गर्ने ।

(ध) गाँउपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा तास-जुवा लगायतका विकृतिजन्य क्रियाकलापमा रोक लगाउने । अनुमति विना जादु, सर्कस र आर्थिक संकलन गर्ने प्रकृतिका विभिन्न खेलहरु सञ्चालन गर्न नदिने ।

(न) गाँउपालिका क्षेत्रभित्र सञ्चालनमा आएका अस्थायी प्रकृतिका बजारहरुको रेखदेख गर्ने, ब्यापारीहरुको लगत राख्ने ।

(प) अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो तथा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(फ) ध्वनी, धुँवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा, व्यापार, व्यवसाय वा अन्य कुनै किसिमको कार्यक्रम सञ्चालन गर्न वा सार्वजनिक रुपमा बाधा पुग्ने गरी व्यक्ति बिशेषले कुनै कार्य गर्न रोक लगाउने । कुनै उद्योग, व्यपार, व्यवसाय वा व्यक्तिले कुनै कार्य गर्दा प्रदुषण उत्पन्न भएमा त्यसलाई नियन्त्रण गर्न लगाउने ।

(ब) पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने ।

(भ) गाँउ क्षेत्र भित्रका निजी सुरक्षा गार्ड आपूर्ति व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी राख्ने र अनुगमन गर्ने ।

(म) दमकल सेवालाई २४ सै घण्टा चुस्त र दुरुस्त राख्नको लागि दमकल कर्मचारीलाई आवश्यक सहयोग पुऱ्याउने ।

(य) विपद्, माहामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त परिचालित हुने ।

(र) गाँउपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम अन्तरगत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

(ल) माथि खण्ड (र) बमोजिमका शाखा, आयोजनाबाट कार्यावयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सो को विवरण तोकिएको समय भित्र उपलव्ध गराउने ।

(व) न्यायिक समितिले आदेश गरे बमोजिम सम्बन्धित पक्षहरु कहाँ म्याद तामेली गर्ने र पूर्जी, सूचना बुझाउने ।

(श) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन गर्ने ।

(ष) गाँउकार्यपालिकाको कार्यालयको सुरक्षा गर्ने, पालोपहरा दिने ।

(स) गाँउपालिकाबाट तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

(३) उपदफा (२) बमोजिमका कार्यहरु गर्दा गाँउ प्रहरी कर्मचारीले संघ सरकार तथा प्रदेश सरकारको स्थानीय प्रहरी ईकाईसँग समन्वय गरेर कार्य गर्नु पर्नेछ ।

(४) गाँउ प्रहरी कमर्चारीको कार्य विवरण तयार गर्दा उपदफा (२) अन्तरगत उल्लेख भएका काम, कर्तव्य र अधिकारलाई आधार मानी तयार गरिनेछ ।

(५) यस दफा बमोजिम गाँउ प्रहरी कर्मचारीले कारबाही गर्दा असुल गर्ने जरिवाना रकम तथा कुनै सामग्री हटाउँदा लागेको खर्च अशुल सम्बन्धी व्यवस्था प्रचलित गाँउ ऐनले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-४

## दरवन्दी श्रृजना र पदपूर्ती सम्वन्धी व्यवस्था

**७. पद तथा दरवन्दी श्रृजना सम्वन्धी व्यवस्था :** (१) गाँउपालिकामा रहने गाँउ प्रहरी बलको विभिन्न पद/तह तथा दरवन्दीको श्रृजना र खारेजी सम्बन्धी व्यवस्था गाँउसभाले निर्णय गरे बमोजिम हुनेछ ।

**८. गाँउ प्रहरी कर्मचारीको शुरु नियुक्ति हुने पदहरु :** स्थानीय कर्मचारी सम्बन्धी ऐन तथा नियमावली जारी नहुँदासम्म गाँउ प्रहरी सहायक निरीक्षक र गाँउ प्रहरी जवानका पदहरुमा दफा १० बमोजिम खुला प्रक्रियाद्वारा करार सेवामा पूर्ति गरिनेछ। अन्य पदहरुमा आन्तरिक मूल्याङ्कनद्धारा पदपूर्ति गरिनेछ ।

**९. नियुक्ति गर्ने अधिकारी :** गाँउ प्रहरी कर्मचारी छनौट तथा सिफारिश समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले गाँउ प्रहरीको नियुक्ति गर्नेछन्।

**१०. पदपूर्ती गर्ने तरिका :** (१) गाँउ प्रहरी कर्मचारीको पदपूर्ती देहाय बमोजिम गरिनेछ ।

| सि.नं. | पद | खुल्ला प्रक्रियाद्धारा | आन्तरिक मूल्याङ्कनद्धारा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | गाँउ प्रहरी सहायक निरीक्षक | १०० | | १०० | |
| २ | गाँउ प्रहरी हवल्दार | – | १०० | १०० | |
| ३ | गाँउ प्रहरी जवान | १०० | | १०० | |

तर यस दफामा जुनसुकै कुरा उल्लेख भएको भएतापनि स्थानीय कर्मचारी सम्बन्धी कानून नबनेको अवस्थामा गाँउ प्रहरी हवल्दारको पदपूर्ति गर्नुपर्ने आवश्यकता महशुस भएमा गाँउ कार्यपालिकाले गाँउ प्रहरी कर्मचारीहरुको कुल दरबन्दीमा नबढने गरी गाँउपालिकामा हाल कार्यरत गाँउ प्रहरी कर्मचारीहरु मध्येबाट कार्य अनुभव, योग्यता, कार्यक्षमता, नेतृत्व गर्न सक्ने क्षमताको आधारमा गाँउ प्रहरी जवानलाई गाँउ प्रहरी हवल्दारको पदमा नियुक्ति गर्न सिफारिश गर्न सक्नेछ । यस उपदफाको प्रयोजनको लागि गाँउ प्रहरी हवल्दारको पदमा नियुक्तिको लागि योग्यता कायम गर्दा एस.एल.सी वा सो सरह उत्तीर्ण गरेको कायम गरिनेछ । खुल्ला प्रक्रियाद्वारा पदपूर्ति गर्दा गाँउ प्रहरीलाई समावेशी वनाउन यथासम्भव प्रयत्न गरिनेछ । खुल्ला विज्ञापन गर्दा कुल विज्ञापनको ३३ प्रतिशत नघटने गरि महिला संख्या छुट्याईनेछ।

**११. खुल्ला प्रक्रियाद्वारा पदपूर्ति हुने पदको आवश्यक योग्यता :**

(१) गाँउ प्रहरी पदको आवश्यक योग्यता देहाय अनुसार हुनेछ ।

(क) गाँउ प्रहरी जवान १८ बर्ष पुरा भई २५ ननाघेको वा नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरीको सेवाबाट अवकाश प्राप्त (पेन्सन पट्टा) भएकोमा ४५(पैंतालिस) बर्ष ननाघेको र गाँउ प्रहरी सहायक निरीक्षक पदको लागि नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरीको सेवाबाट अवकाश प्राप्त (पेन्सन पट्टा) भई ४५(पैंतालिस) बर्ष ननाघेको ।महिलाको हकमा १८ बर्ष पुरा भई २५ बर्ष ननाघेको र पेन्सन पट्टा भएकोमा ४५ बर्ष ननाघेको ।

(ख) गाँउ प्रहरी सहायक निरीक्षकको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र वा सो सरह उत्तीर्ण गरेको, गाँउ प्रहरी हवल्दारको हकमा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको र गाँउ प्रहरी जवानको हकमा आठ कक्षा उत्तीर्ण गरेको ।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) महिलाहरुको लागि घटीमा पाँच फिट र पुरुषको लागि घटीमा पाँच फिट दुइ इन्च उचाई भएको ।

(ङ) छाती नफुलाउँदा घटीमा एकतीस ईन्च र फुलाउँदा तेत्तीस ईन्च भएको । तर महिलाका उम्मेदवारको हकमा यो व्यवस्था लागू हुने छैन ।

(च) आँखा माइनस दुई वा प्लस दुई भन्दा बढी कमजोर नभएको ।

(छ) नेपाली नागरिकताको प्रमाण पत्र भएको ।

(ज) निवृत्तिभरण (पेन्सन पट्टा) प्रमाणपत्र भएको ।

(झ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको ।

(ञ) कुनै राजनितिक दलको सदस्य नभएको ।

१२. **पदपूर्ति समिति :** गाँउ प्रहरी कर्मचारीको पदपूर्ति गर्न देहायबमोजिमको पदपूर्ति समिति रहनेछ ।

(क)प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कम्तिमा सातौं तहको अधिकृत - संयोजक

(ख)जिल्ला प्रहरी कार्यालयले तोकेको प्रहरी अधिकृत -सदस्य

(ग)प्रशासन शाखा प्रमुख - सदस्य सचिव

गाँउ प्रहरीको पदपूर्तिको लागि हुने छनौट प्रक्रियामा पदपूर्ति समितिले आवश्यकता अनुसार सम्बन्धित विषयमा जानकार सुरक्षाकर्मी, कर्मचारीहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

१३. **गाँउ प्रहरी पदको पाठ्यक्रम :** गाँउ प्रहरी पदको लागि खुला प्रतियोगितको पाठ्यक्रम अनुसूची- १ बमोजिम हुनेछ ।

१४. **सेवा करार सम्बन्धी व्यवस्था :** (१) समितिले खुला प्रक्रियाद्वारा पद पूर्ति हुने पदमा आवश्यक योग्यता पुगेका व्यक्तिहरुलाई निजहरुको योग्यता परीक्षण गरी सेवा करारमा नियुक्ति गर्न गाँउ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस भै आएको उम्मेदवारलाई गाँउ कार्यपालिकाको कार्यालयले सेवा करारमा नियुक्ति गर्नेछ ।

(३) उपदफा (२) बमोजिम सेवा करारमा लिने निर्णय गर्दा सेवा करारको अवधि, पाउने पारिश्रमिक तथा अन्य सुविधा समेत उल्लेख गरी निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको निर्णय पश्चात प्रमुख प्रशासकीय अधिकृतले सेवा शर्तहरु र सुविधाका कुराहरु समेत स्पष्ट उल्लेख गरी सेवा करामा लिने व्यक्तिसंग वढीमा १ वर्षका लागि सेवा करार सम्झौता गर्नु पर्नेछ ।

(५) सम्झौता बमोजिम सेवा करारको अवधि समाप्त भए पश्चात पनि सेवा करारमा लिएको व्यक्तिको सेवा सन्तोषजनक भएमा गाँउ कार्यपालिकाको निर्णय बमोजिम सेवा करारको अवधि थप गरी प्रमुख प्रशासकीय अधिकृतले पुनः सम्झौता गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम सेवा करारमा नियुक्ति हुने व्यक्तिले सम्झौतामा उल्लेख भए बाहेकका अन्य कुनै सुविधा, सहुलियतको दावि गर्न पाउने छैन ।

(७) यस दफा बमोजिम सेवा करारमा नियुक्ति गर्दा तत् तत् पदलाई आवश्यक पर्ने योग्यता समेतलाई आधार लिई नियुक्ति सम्वन्धी कारवाही अगाडि वढाउनु पर्नेछ ।

**१५. आपूर्तिकर्तासँगबाट सेवा करारमा सुरक्षा जनशक्ति प्राप्त गर्न सकिने :** गाँउपालिकाले सुरक्षा जनशक्ति आपूर्ति व्यवसाय सञ्चालन गर्ने कुनै फर्म, कम्पनी सञ्चालकहरुबाट सेवा करारका विभिन्न शर्तहरु तोकी निश्चित समयका लागि सेवा करार सम्झौताद्वारा आपूर्तिको व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद - ५

## गाँउपालिका प्रशासन र गाँउ प्रहरी बल बीचको सम्बन्ध

**१६. प्रशासनको नियन्त्रणमा रहने :** (१) गाँउ प्रहरीको अनुशासन र आन्तरिक खटन पटन बाहेक समस्त गाँउ प्रहरी कर्मचारी गाँउ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत र प्रशासन शाखा प्रमुखको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

(२) गाँउ प्रहरी अनुशासन र आन्तरिक खटन पटन सम्बन्धी कार्य सामान्यतया गाँउ प्रहरी प्रमुखले गर्नेछन् ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएतापनि सुरक्षा गार्डमा खटिएको कर्मचारीको अनुशासन र आन्तरिक खटन पटन सम्बन्धी कार्य प्रशासन शाखा प्रमुखले गर्नेछ ।

**१७. गाँउ प्रहरी प्रमुख सम्बन्धी व्यवस्था :** (१) यस कार्यविधि बमोजिम नियुक्त गाँउ प्रहरी सहायक निरीक्षकले गाँउ प्रहरी प्रमुखको कार्य गर्नेछ । यस कार्यविधि बमोजिम गाँउ प्रहरी सहायक निरीक्षक नियुक्त नहुँदासम्म दफा १० को प्रतिबन्धात्मक वाक्याशं बमोजिम नियुक्त गाँउ प्रहरी हवल्दारले गाँउ प्रहरी प्रमुखको कार्य गर्न सक्नेछ ।

(२) सबै गाँउ प्रहरी कर्मचारीहरु गाँउ प्रहरी प्रमुखको मातहतमा रहनेछन । निजको आदेश, निर्देशन तथा खटन पटन अनुसार गाँउ प्रहरी कर्मचारीहरु परिचालन हुनेछन् ।

(३) गाँउ प्रहरी प्रमुखको अनुशासन र आन्तरिक खटन पटन गर्ने कार्य प्रशासन शाखा प्रमुखले गर्नेछ ।

(४) प्रशासन शाखा प्रमुखले गाँउ प्रहरी प्रमुख र सुरक्षा गार्डमा खटिएको गाँउ प्रहरी कर्मचारीको अनुशासन र आन्तरिक खटन पटन गर्ने कार्य गर्दा प्रमुख प्रशासकीय अधिकृतसंग समन्वय गर्नु पर्नेछ ।

**१८. प्रतिवेदन दिनु पर्ने :** गाँउ प्रहरी प्रमुखले आफूले सम्पादन गर्ने कामको लागि साप्ताहिक रुपमा कार्यजिम्मेवारी तोकिएको कार्यतालिका प्रशासन शाखामा पेश गर्नुपर्नेछ । कार्यतालिका बमोजिम गरेका तथा आकास्मिक रुपमा सम्पादन गरेका कार्यको प्रतिवेदन साप्ताहिक रुपमा कार्यालयमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-६

## विदा सम्बन्धी व्यवस्था

**१९. विदा अधिकारको कुरा होइन :** (१) गाँउ प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) विदा स्वीकृत गर्ने अधिकारीले आफ्नो स्व-विवेकले विदा स्वीकृत, अस्वीकृत गर्न सक्नेछ । निजले विदा बसेको गाँउ प्रहरीको विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

**२०. विदा सम्बन्धी व्यवस्था :** गाँउ प्रहरीले पाउने बिदाको सम्बन्धमा सेवा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । सेवा करार सम्झौतामा उल्लेख नभएकोमा सार्वजनिक विदा (पालो मिलाई बस्नुपर्ने बाहेकमा) वाहेक मासिक एक दिन (भैपरी तथा पर्व) बिदा पाउनेछन । विदा लिने विधि, विदा सम्बन्धी शर्तहरु र अन्य कुराहरु गाँउपालिकाको कर्मचारी प्रशासन सम्बन्धी विद्यमान कानून बमोजिम हुनेछ ।

**२१. विदा स्वीकृत गाँठाई कार्यालयमा अनुपस्थित हुने उपर कारवाही :** विदा नलिई कार्यालयमा अनुपस्थित हुने गाँउ प्रहरी कर्मचारीलाई गयल गरी तलब कट्टी गरिनेछ । विना जानकारी लगातार १५(पन्ध्र) दिन भन्दा बढी अनुपस्थित भएमा सेवाबाट अवकाश दिईनेछ ।

**२२. झुटो कारण देखाई बिदा बसेमा कारवाही हुने :** झुटो कारण देखाई बिदा बसेको पाईएमा त्यस्तो प्रहरी कर्मचारी सजाँयको भागीदार हुनेछ ।

## परिच्छेद-७

## आचरण

**२३. गाँउ प्रहरीको आचरण :** गाँउ प्रहरी कर्मचारीले देहाय बमोजिमको आचरणको पालना गर्नु पर्नेछ ।

(क) आफ्नो कार्यालयको काममा कुनै असर पर्ने गरी आफू वा परिवारका सदस्य समेतले गाँउपालिकाको पूर्व स्वीकृति बिना कोही कसै सँगबाट दान, वक्सिस, पुरस्कार वा उपहार स्वीकार गर्नु हुदैन ।

(ख) कुनै किसिमको चन्दा माग्न वा लिन हुदैन ।

(ग) आफू वा आफ्ना परिवारको नाममा कुनै अचल सम्पत्ति खरीद गर्नु पर्दा गाँउपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(घ) आफू वा आफ्ना परिवारका सदस्यको नाममा रहेको चल अचल सम्पत्ति नगद, सुन, चाँदी, शेयर र बैंक ब्यालेन्स विवरण सहितको सम्पत्ति विवरण सेवा प्रवेश गरेको ३ महिना भित्र र हरेक आर्थिक वर्ष समापन भएको मितिले ६० दिन भित्र अद्यावधिक विवरण गाँउपालिकामा पेस गर्नु पर्नेछ ।

(ङ) गाँउपालिकाको स्वीकृति बेगर कुनै व्यापार व्यवसाय गर्न पाइनेछैन ।

(च) गाँउपालिकामा आफ्नो कर्तव्य पालनाको सन्दर्भमा वा कार्यालयका आफ्नो जानकारीमा आएका कुनै सूचनाहरु गाँउपालिकाको आख्तियारी बिना कोही कसैलाई दिनु हुदैन ।

(छ) रेडियो वा कुनै पत्र पत्रिकामा वेनामी कुनै लेख प्रकाशित गर्न वा प्रसारण गर्नु हुदैन तर साहित्यिक रचनाहरु प्रकाशन गर्न पाइनेछ ।

(ज) गाँउपालिकालाई खलल पुग्ने गरी वा गाँउपालिकाका नीति विरुद्ध कुनै भाषण, संवाद वा लेख रचना प्रकाशन गर्न पाइने छैन ।

(झ) निर्वाचनमा कुनै पनि राजनैतिक दलका लागि मत माग्ने वा निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले भाग लिनु हुदैन । तर प्रचलित कानून बमोजिम गोप्य मताधिकारको प्रयोगमा भने बाधा पर्नेछैन ।

(ञ) समय पालन वा नियमिततामा गाँउ प्रहरी कर्मचारी चुस्त दुरुस्त हुनु पर्नेछ ।

(ट) आफ्नो कर्तव्य तत्परताका साथ पालन गर्नु पर्नेछ ।

(ठ) आफू भन्दा माथिका अधिकृतले दिएको आदेश पालना गर्ने र माथिका अधिकृतहरु उपर उचित आदर देखाउनु पर्नेछ ।

(ड) आफ्नो मतलव साध्य पार्न कुनै अनुचित प्रभाव पार्नु हुदैन ।

(ढ) बहु बिवाह, बाल बिवाह र अनमेल बिवाह गर्नु हुदैन । प्रचलित कानुन विपरित हुने गरी विवाह गर्नु गराउनु हुदैन ।

(ण) गाँउपालिकाको आलोचना गर्न पाइने छैन ।

## परिच्छेद-८

## सजाय र पुनरावेदन

२४. **सजाय :** (१) उचित र पर्याप्त कारण भएमा प्रशासन शाखा प्रमुखको सिफारिशमा गाँउ प्रहरी कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले देहाय बमोजिम सजायँ गर्न सक्नेछ :

(क) लिखित चेतावनी दिने ।

(ख) तलब कट्टा गर्ने ।

(ग) प्रहरी कर्मचारीको लापरबाहीको कारण गाँउपालिकालाई हानी नोक्सानी भएमा त्यसरी नोक्सानी भएको बिगो बराबरको रकम निजबाट असुल उपर गर्ने ।

(घ) सेवाबाट बरखास्त गर्ने : गाँउ प्रहरी कर्मचारीलाई सेवाबाट हटाउनु पर्ने पर्याप्त प्रमाण र कारण भएमा स्पष्टिकरण सहित सामान्य प्रक्रियाबाट प्रमुख प्रशासकीय अधिकृतले सेवाबाट हटाउन सक्नेछ ।

(ङ) प्रहरी कर्मचारीलाई यस दफा बमोजिम कारबाही गर्नु भन्दा पहिला निजलाई सफाईको मौका दिईनेछ।

## परिच्छेद-९

## तलब, भत्ता तथा अन्य सुबिधा सम्बन्धी व्यवस्था

२५. **गाँउ प्रहरीको तलब भत्ता र सुविधा सम्बन्धी व्यवस्था :** (१) गाँउपालिकामा सेवा करारमा नियुक्ति हुने गाँउ प्रहरीको तलब, भत्ता र अन्य सुविधा सेवा करार सम्झौतामा उल्लेख भए बमोजिम उपलव्ध गराइनेछ । सो वाहेक अन्य सुविधा उपलव्ध हुने छैन ।

(२) गाँउ कार्यपालिकाले समय समयमा निर्णय गरी थप सेवा सुविधा उपलब्ध गराउन सक्नेछ ।

२६. **गाँउ प्रहरी कर्मचारीको पोशाक सम्बन्धी व्यवस्था :** (१) गाँउपालिकाले गाँउ प्रहरी कर्मचारीले लगाउने पोशाकको रंग, किसिम, ड्रेस कोड तोकि दिन सक्नेछ ।

(२) गाँउपालिकाले गाँउ प्रहरी कर्मचारीलाई वर्षको एक पटक गाँउपालिकाका अन्य कर्मचारीहरुले पाए सरह पोशाक भत्ता उपलब्ध गराउनेछ। यस्तो पोशाक भत्ता गाँउ प्रहरी कर्मचारी भर्ना गरिएको पहिलो महिनामा भुक्तानी दिईनेछ। साथै गाँउ प्रहरीको लागि आवश्यक ओकेटकी, लाठी, खुकुरी लगायत अन्य बन्दोबस्तीका सामाग्री आवश्यकता अनुसार उपलब्ध गराईनेछ। यस दफा बमोजिम तोकिए बमोजिमको पोशाक प्राप्त गर्ने प्रहरी कर्मचारीले अनिवार्य रुपमा त्यस्तो पोशाक लगाउनु पर्नेछ।

## परिच्छेद - १०

## विविध

**२७. तालिम सम्बन्धी व्यवस्था :** (१) गाँउ प्रहरीलाई आधारभूत तालिमको अतिरिक्त समय समयमा पुनर्ताजगी तालिम उपलव्ध गराइनेछ।

(२) यसरी दिइने तालिमको लागि विज्ञ समूहद्वारा पाठ्यक्रम तर्जुमा गरी सोही अनुरुप तालिम प्रदान गरिनेछ।

(३) प्रत्येक पदमा कार्यरत प्रहरी कर्मचारीले तोकिए बमोजिमको तालिम अनिवार्य रुपमा लिनु पर्नेछ।

(४) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२८. चाड पर्व खर्च पाउने :** गाँउ प्रहरी कर्मचारीले आफूले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाईने मुख्य चाडपर्वमा खाइपाइ आएको एक महिना बराबरको तलब आर्थिक वर्षको एक पटक चाडपर्व खर्चको रुपमा प्राप्त गर्नेछन्।

**२९. उमेर हद :** गाँउ प्रहरी कर्मचारी ५५(पचपन्न) वर्ष उमेर पूरा भए पछि सेवामा रहने छैनन्।

**३०. बाधा अडकाउ फुकाउने अधिकार :** यस कार्यविधि कार्यान्वयन गर्ने सिलसिलामा कुनै बाधा अडकाउ आई परेमा त्यस्तो बाधा अडकाउ फुकाउने अधिकार गाँउपालिका अध्यक्षलाई हुनेछ।

**३१. प्रचलित कानुन बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएका विषयहरुमा यसै बमोजिम र अन्य विषयमा प्रचलित गाँउपालिकाका अन्य कानुन तथा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ।

**अनुसूची-१**
**(दफा १३ सँग सम्बन्धित)**
**बटेश्वर गाँउपालिका,धनुषा**

# गाँउ प्रहरी वल पदको पाठ्यक्रम :

## (क) गाँउ प्रहरी पदको पाठ्यक्रम :

### परिक्षाको किसिम :

| क्र.सं. | चरण | विवरण | पूर्णाङ्क | उतीर्णाङ्क |
|---|---|---|---|---|
| १ | प्रथम चरण | प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा | - | बुँदा १(क) बमोजिम |
| | | शारीरिक तन्दुरुस्ती परीक्षा | ५० | २० |
| २ | दोश्रो चरण | लिखित परिक्षा | | |
| | | १. गाँउ प्रहरी जवान | ५० | २० |

| | | | | |
|---|---|---|---|---|
| | | २. गाँउ प्रहरी सहायक निरिक्षक | १०० | ४० |
| ३ | तेश्रो चरण | अन्तर्वार्ता परीक्षा | २५ | - |

**नोट : प्रत्येक चरण उतिर्ण गरेपश्चात मात्र पछील्लो चरणमा समावेश गरिनेछ ।**

## १. प्रथम चरण (सबै पदको लागि) :

**(क) प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा :**

**(ख) शारीरिक तन्दुरुस्ती परीक्षा (५० अङ्क)**

| **विवरण** | **३०० मि. दौड** | **३००० मि. दौड** | **पुस अप** | **चिन अप** | **सिट अप** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| **पुर्णाङ्क** | १० | २५ | ५ | ५ | ५ | ५० |
| **उतिर्णाङ्क** | ४ | १० | २ | २ | २ | २० |

**१. ३००(तीन सय) मिटर दौड (१० अङ्क)**

**सामान्य शारीरिक परीक्षण मापदण्ड**

| **सि.नं.** | **विवरण** | **पुरुष (न्यूनतम)** | **महिला (न्यूनतम)** | **कैफियत** |
|---|---|---|---|---|
| १ | उचाई | ५ फिट २ इन्च | ५ फिट | |
| २ | छाती | ३१ इन्च नफूलाउँदा, ३३ ईन्च फूलाउँदा | * | |
| ३ | वजन | ५० केजी | ४३ केजी | |
| ४ | आँखा परीक्षण | प्लस २ देखि माईनस २ भन्दा कमजोर नभएको | प्लस २ देखि माईनस २ भन्दा कमजोर नभएको | |
| ५ | रङ्ग दृष्टि | रङ्ग दृष्टि दोष नभएको | रङ्ग दृष्टि दोष नभएको | |

| **क्र. सं.** | **पुरुषको लागि समयावधि** | **पुरुष/महिला, अङ्क : १०** | **महिलाको लागि समयावधि** |
|---|---|---|---|
| १ | ४५ सेकेण्ड वा कम | १० | ५५ सेकेण्ड वा कम |
| २ | ४९ सेकेण्ड सम्म | ८ | ५९ सेकेण्ड सम्म |
| ३ | ५३ सेकेण्ड सम्म | ६ | ६३ सेकेण्ड सम्म |

| | | | |
|---|---|---|---|
| ४ | ५६ सेकेण्ड सम्म | ४ | ६७ सेकेण्ड सम्म |
| ५ | ५६ सेकेण्ड भन्दा बढी | अनुतीर्ण | ६७ सेकेण्ड भन्दा बढी |

**२. ३०००(तीन हजार) मि. दौड(२५ अङ्क)**

| क्र. सं. | पुरुषको लागि समयावधि | पुरुष/महिला, अङ्क : २५ | महिलाको लागि समयावधि |
|---|---|---|---|
| १ | १३ मिनेट वा कम | २५ | १७ मिनेट वा कम |
| २ | १४ मिनेट सम्म | २० | १८ मिनेट सम्म |
| ३ | १६ मिनेट सम्म | १५ | २० मिनेट सम्म |
| ४ | १८ मिनेट सम्म | १० | २२ मिनेट सम्म |
| ५ | १८ मिनेट भन्दा बढी | अनुतीर्ण | २२ मिनेट भन्दा बढी |

**३. पुस अप (५ अङ्क)**

| क्र. सं. | पुरुषको लागि पटक | पुरुष/महिला, अङ्क : ५ | महिलाको लागि पटक |
|---|---|---|---|
| १ | १२ पटक देखी माथि | ५ | ६ पटक देखि माथि |
| २ | ११ पटक सम्म | ४ | ५ पटक सम्म |
| ३ | १० पटक सम्म | ३ | ४ पटक सम्म |
| ४ | ९ पटक सम्म | २ | ३ पटक सम्म |
| ५ | ९ पटक भन्दा कम | अनुतीर्ण | ३ पटक भन्दा कम |

**४. चिन अप (५ अङ्क)**

| क्र. सं. | पुरुषको लागि पटक | पुरुष/महिला, अङ्क : ५ | महिलाको लागि पटक |
|---|---|---|---|
| १ | ८ पटक देखी माथि | ५ | ४ पटक देखि माथि |
| २ | ७ पटक सम्म | ४ | ३ पटक सम्म |
| ३ | ६ पटक सम्म | ३ | २ पटक सम्म |
| ४ | ५ पटक सम्म | २ | १ पटक सम्म |
| ५ | ५ पटक भन्दा कम | अनुतीर्ण | १ पटक पनि नसक्ने |

**५. सिट अप (५ अङ्क)**

| क्र. सं. | पुरुषको लागि पटक | पुरुष/महिला, अङ्क : ५ | महिलाको लागि पटक |
|---|---|---|---|
| १ | १२ पटक देखी माथि | ५ | ६ पटक देखि माथि |
| २ | ११ पटक सम्म | ४ | ५ पटक सम्म |
| ३ | १० पटक सम्म | ३ | ४ पटक सम्म |
| ४ | ९ पटक सम्म | २ | २ पटक सम्म |
| ५ | ९ पटक भन्दा कम | अनुतीर्ण | २ पटक भन्दा कम |

## २.१ दोश्रो चरण (गाँउ प्रहरी जवान पदको लागि) :

**(क) लिखित परीक्षाको पाठ्यक्रम :**

**लिखित परिक्षा योजना**

| खण्ड | विषय | पूर्णाङ्क | उतिर्णाङ्क | अङ्कभार | परीक्षा प्रणाली र पशन संख्या | समय |
|---|---|---|---|---|---|---|
| क | नेपाली रचना | ५० | २० | १५ | **विषयगत**<br>नेपाली लेखन<br>(५ प्रश्न X २ अङ्क =१०)<br>नेपाली व्याकरण<br>(५ प्रश्न X १ अङ्क =५) | १ घण्टा ३० मि. |
| ख | अग्रेजी | | | ५ | **विषयगत**<br>(२ प्रश्न X २.५ अङ्क =५) | |
| ग | गणित | | | ५ | **विषयगत**<br>(२ प्रश्न X २.५ अङ्क =५) | |
| घ | सामान्य ज्ञान, गाँउपालिका र गाँउ प्रहरी सेवा र बौद्धिक परीक्षा | | | २५ | वस्तुगत वहुउत्तर प्रश्न<br>सामान्यज्ञान-१०X१ =१०अङ्क)<br>गाँउपालिका-५X१ =५अङ्क)<br>गाँउप्रहरी-५X१ =५अङ्क)<br>बौद्धिक परिक्षण-५X१ =५अङ्क) | |

### खण्ड “क” नेपाली रचना - १५ अङ्क

**१. नेपाली लेखन -** छोटो उत्तर (२ प्रश्न X ५ अङ्क = १०)

(क) राष्ट्रिय गान

(ख) निबन्ध लेखन - आधारभूत तह (कक्षा ६-८) सम्मका लागि उपयुक्त हुने सरल प्रकारको कुनै दुई शीर्षकमध्ये एक विषयमा कम्तीमा ५० शब्द नघटाई निबन्ध लेखन ।

(ग) चिठ्ठी वा निवेदन लेखन - आधारभूत तह (कक्षा ६-८) सम्मका लागि उपयुक्त हुने सरल प्रकारको कार्यालय प्रयोजनको लागि चिठी वा निवेदन लेखन ।

**२. नेपाली व्याकरण-** छोटो उत्तर (५ प्रश्न X १ अङ्क = ५)

(क) सामान्य नेपाली व्याकरण (नाम, सर्वनाम, करण, अकरण र लिङ्ग परिवर्तन) सम्बन्धी सामान्य जानकारी

(ख) शब्दार्थ (प्रचलित नेपाली शब्दको अर्थ )

(ग) वाक्यमा प्रयोग - ( प्रचलित शब्दको वाक्यमा प्रयोग)

(घ) विपरीतार्थक शब्द - ( प्रचलित शब्दको बिपरित अर्थ )

(ङ) शुद्ध लेखन - (अशुद्ध गरि लेखिएको सामान्य किसिमको वाक्यलाई शुद्ध गरि लेख्ने)

### खण्ड “ख” अग्रेजी- ५ अङ्क

**1= Basic skill and knowledge in English-** छोटो उत्तर (२ प्रश्न X २.५ अङ्क = ५)

a. Translation English to Nepali and Nepali to English (Simple Sentences-Simple present tense with 3 to 5 words)

b. Word Meaning

c. Matching different words according to their suitable words/groups

d. Spelling Writing (Two and three digit numbers)

e. Singular/Plural (Simple word)

## खण्ड "ग" गणीत- ५ अङ्क

**१. सामान्य गणित** छोटो उत्तर (२ प्रश्न X २.५ अङ्क = ५)

(क) जोड (ठाडो / तेर्सो तीन अंक सम्मको)
(ख) घटाउ (ठाडो/तेर्सो तीन अंक सम्मको)
(ग) गुणन (दुई अंक सम्मको)
(घ) भाग (दुई अंक सम्मको)
(ङ) अंक र अक्षरमा लेखन (चार अंक सम्मको)

## खण्ड "घ" सामान्य ज्ञान- २५ अङ्क

**१. सामान्यज्ञान, बटेश्वर गाँउपालिका, गाँउ प्रहरी तथा बौद्धिक परीक्षण -** वस्तुगत(२५ प्रश्न X १ अङ्क = २५)

**(अ) सामान्य ज्ञान**

(क) नेपालको इतिहास सम्बन्धी सामान्य जानकारी

- ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिले नेपालका महत्वपूर्ण स्थलहरु ।
- नेपालको आधुनिक इतिहास ।

(ख) नेपालको भूगोल सम्बन्धी सामान्य ज्ञान

- क्षेत्रफल, सिमाना, भौगोलिक र राजनैतिक (संघ, प्रदेश र स्थानीय) विभाजन ।
- नदी तथा हावापानीको आधारमा नेपाललाई विभाजन ।
- नेपालका प्रमुख शिखर, नदी, ताल, कुण्ड, भन्ज्याङ्ग र झरनाहरु ।
- नेपालमा पाईने बन तथा बनस्पति
- संरक्षित जनावर तथा जडिबुटी
- नेपालका राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्र ।

(ग) नेपालमा प्रचलित धर्म, भाषा, संस्कृति जातजाती र जनसंख्या सम्बन्धी ज्ञान
(घ) नेपालको वर्तमान संविधान - (जारी मिति, भाग, धारा र अनुसूची संख्या)
(ङ) महत्वपूर्ण समसामयिक राष्ट्रिय घटनाहरु जस्तैः आर्थिक, सामाजिक, राजनैतिक, खेलकूद र मानवअधिकार

**(आ) बटेश्वर गाँउपालिका सम्बन्धी सामान्य जानकारी**

- गाँउपालिका गठन, गाँउ सभाको गठन, गाँउ कार्यपालिकाको गठन, वडा सम्बन्धि विवरण, जनप्रतिनिधी सम्बन्धी विवरण, गाँउपालिकाको धार्मिक, साँस्कृतिक र भूगोल सम्बन्धी ज्ञान ।

**(इ) स्थानीय गाँउ प्रहरी सम्बन्धी सामान्य जानकारी**

- स्थानीय गाँउ प्रहरीको काम, कर्तव्य र अधिकार, आदेश पालन, आचारण र सुरक्षा सम्बन्धी ज्ञान ।

(ई) बौद्धिक परीक्षण (आई. क्यू.)

- शाब्दिक अनुक्रम, समरुपता, वर्गीकरण, कोडिङ - डिकोडिङ, मिल्दो नमिल्दो छुट्टयाउने, दिशा र दुरी ज्ञान सम्बन्धी परीक्षण

## २.२ दोश्रो चरण (गाँउ प्रहरी सहायक निरिक्षक पदको लागि) :

**(क) लिखित परीक्षाको पाठ्यक्रम :**

**लिखित परीक्षा योजना**

| खण्ड | विषय | पूर्णाङ्क | उतिर्णाङ्क | अङ्कभार | परीक्षा प्रणाली र पशन संख्या | समय |
|---|---|---|---|---|---|---|
| क | नेपाली रचना | १०० | ४० | २५ | **विषयगत**<br>नेपाली लेखन<br>(५ प्रश्न x ३ अङ्क =१५)<br>नेपाली व्याकरण<br>(५ प्रश्न x २ अङ्क =१०) | २ घण्टा |
| ख | अग्रेजी | | | १० | **विषयगत**<br>(२ प्रश्न x ५ अङ्क =१०) | |
| ग | गणित | | | १० | **विषयगत**<br>(२ प्रश्न x ५ अङ्क =१०) | |
| घ | सामान्य ज्ञान, गाँउपालिका र गाँउ प्रहरी सेवा र बौद्धिक परीक्षा | | | ५५ | वस्तुगत वहुउत्तर प्रश्न<br>सामान्यज्ञान-२५x१ = २५अङ्क)<br>गाँउपालिका-१०x१ =१०अङ्क)<br>गाँउप्रहरी-१०x१ =१०अङ्क)<br>बौद्धिक परिक्षण-१०x१= १०अङ्क) | |

### खण्ड "क" नेपाली रचना - २५ अङ्क

**१. नेपाली लेखन -** छोटो उत्तर (५ प्रश्न x ३ अङ्क = १५)

(क) समसामयिक विषयमा टिप्पणी लेखन

(ख) निबन्ध लेखन - समसामयिक विषयमा कम्तीमा १०० शब्द नघटाई निबन्ध लेखन ।

(ग) विभिन्न विषयको पत्र, ताकेता पत्र, प्रतिउत्तर पत्र, निमन्त्रणा र विज्ञापन लेखन ।

**२. नेपाली व्याकरण-** छोटो उत्तर (५ प्रश्न x २ अङ्क = १०)

(क) सामान्य नेपाली व्याकरण (नाम, सर्वनाम, क्रियापद, विशेषण, निपात) सम्बन्धी जानकारी

(ख) शब्दार्थ (प्रचलित नेपाली शब्दको अर्थ )

(ग) वाक्यमा प्रयोग - ( प्रचलित शब्दको वाक्यमा प्रयोग)

(घ) विपरीतार्थक शब्द - ( प्रचलित शब्दको बिपरित अर्थ )

(ङ) शुद्ध लेखन - (अशुद्ध गरि लेखिएको सामान्य किसिमको वाक्यलाई शुद्ध गरि लेख्ने)

### खण्ड "ख" अग्रेजी- १० अङ्क

**1= Basic skill and knowledge in English-** छोटो उत्तर (२ प्रश्न x ५ अङ्क = १०)

a. Translation English to Nepali and Nepali to English (Simple Sentences-Simple present tense with 5 to 10 words)
b. Word Meaning
c. Matching different words according to their suitable words/groups
d. Spelling Writing (Two and three digit numbers)
e. Singular/Plural (Simple word)

**खण्ड "ग" गणीत- १० अङ्क**

**१. सामान्य गणित -** छोटो उत्तर (२ प्रश्न x ५ अङ्क = १०)

(क) जोड (ठाडो / तेर्सो तीन अंक सम्मको)
(ख) घटाउ (ठाडो/तेर्सो तीन अंक सम्मको)
(ग) गुणन (दुई अंक सम्मको)
(घ) भाग (दुई अंक सम्मको)
(ङ) अंक र अक्षरमा लेखन (चार अंक सम्मको)

**खण्ड "घ" सामान्य ज्ञान- ५५ अङ्क**

**१. सामान्यज्ञान, बटेश्वर गाँउपालिका, गाँउ प्रहरी तथा बौद्धिक परीक्षण -** वस्तुगत(५५ प्रश्न x १ अङ्क = ५५)

**(अ) सामान्य ज्ञान**

**१. भूगोल**

- नेपालको भूगोलः अवस्थिती, हावापानी, हिमश्रृंखला, नदीनाला, ताल तलैया, र वनजंगल
- विश्वको भूगोलः महादेश, महासागर

**२. इतिहास, संस्कृति र सामाजिक अवस्था**

- नेपालको प्राचीनकाल तथा मध्यकालको राजनीतिक, आर्थिक एवं सामाजिक सांस्कृतिक अवस्था
- आधुनिक नेपालको इतिहासः पृथ्वीनारायण शाह देखि वर्तमान अवस्था सम्मको राजनीतिक, आर्थिक एवं सामाजिक सांस्कृतिक अवस्था
- नेपालका ऐतिहासिक युद्ध तथा सम्झौता
- नेपालका प्रचलित धर्म, संस्कृति, जातजाति, भाषा, साहित्य र कला

**३. नेपालमा विकासका पूर्वाधारहरुः** कृषि, उद्योग, पर्यटन, शिक्षा र स्वास्थ्य

**४. पर्यावरणीय संरक्षण, जलवायु परिवर्तन, जनसांख्यिकी, शहरीकरण, बसोवास, प्रदूषण, तथा राष्ट्रिय सम्पदा, राष्ट्रिय निकुञ्ज तथा आरक्षित क्षेत्रको संरक्षण सम्बन्धी जानकारी**

५. कम्प्युटर, मोवाइल, इमेल -इन्टरनेट, सामाजिक सञ्जाल, ड्रोन, रोवोट जस्ता नविनतम प्रविधिले मानव जिवनमा पारेको प्रभाव

६. SAARC, BIMSTEC, NATO, INTERPOL सम्बन्धी जानकारी

७. राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, खेलकूद, पुरस्कार, कला र साहित्य सम्वन्धि समसामयिक घटना तथा नवीनतम गतिविधिहरुवारे सामान्य जानकारी

८. नेपालको संविधान (भाग १, २, ३, ४, ५ र सवै अनुसुचिहरु) सम्वन्धी जानकारी

९. वंश (Gene) र वंशाणु (Genetics) सम्बन्धी सामान्य जानकारी

१०. प्रहरी सेवा सम्बन्धी समसामयिक जानकारी, प्रहरी सेवाको दर्ज्यानी चिन्ह, पद तथा श्रेणी, ट्राफिक संकेत सम्वन्धी जानकारी

**(आ) बटेश्वर गाँउपालिका सम्बन्धी सामान्य जानकारी**

- गाँउपालिका गठन, गाँउ सभाको गठन, गाँउ कार्यपालिकाको गठन, वडा सम्बन्धि विवरण, जनप्रतिनिधी सम्बन्धी विवरण, स्थानीय निर्वाचन र प्रदेश सभा, प्रतिनिधिसभा निर्वाचन सम्बन्धी जानकारी, गाँउपालिकाको धार्मिक, साँस्कृतिक र भूगोल सम्बन्धी ज्ञान ।

**(इ) स्थानीय गाँउ प्रहरी सम्बन्धी सामान्य जानकारी**

- स्थानीय गाँउ प्रहरीको काम, कर्तव्य र अधिकार क्षेत्र, आदेश पालन, आचारण र सुरक्षा सम्बन्धी ज्ञान ।

(ई) **बौद्धिक परीक्षण (आई. क्यू.)**

- शाब्दिक अनुक्रम, समरुपता, वर्गीकरण, कोडिङ - डिकोडिङ, मिल्दो नमिल्दो छुट्टयाउने, दिशा र दुरी ज्ञान सम्बन्धी परीक्षण र सामान्य आई.क्यू. सम्बन्धी परीक्षण ।

## ३. तेश्रो चरण (सबै पदको लागि)

### (क) अन्तर्वार्ता परीक्षा - २५ अङ्क

**क. माथिल्लो शैक्षिक योग्यता बापत - ५(पाँच) अङ्क**

| सि. नं. | जवान पदको लागि | निरीक्षक पदको लागि |
|---|---|---|
| १ | न्यूनतम योग्यता - ३ अङ्क | न्यूनतम योग्यता - ३ अङ्क |
| २ | सो भन्दा भाथिको लागि - ५ अङ्क | सो भन्दा भाथिको लागि - ५ अङ्क |

**ख. कार्य अनुभव वापत - ५ (पाँच) अंक (प्रमाणपत्र आवश्यक)**

१. सुरक्षाकर्मी अवकास प्राप्त (नेपाल प्रहरी, शसस्त्र प्रहरी, नेपाल आर्मिको तालिम प्राप्त) - ५ अङ्क

२. म्यादी प्रहरी वा नेपाल प्रहरी, शसस्त्र प्रहरी, नेपाल आर्मिको भगौडा अनुभव - ४ अङ्क

३. आउटडोर खेलमा राष्ट्रियस्तरको प्रतियोगतामा भाग लिएकोमा - ३ अङ्क

४. आधिकारिक सुरक्षा कम्पनी वा वैदेशिक रोजगारीमा सुरक्षा सम्बन्धी कार्य गरेको घटीमा १ वर्षको कार्य अनुभवको प्रमाणपत्रको भएमा - २ अङ्क

५. अन्य सरकारी तथा संस्थागत निकायमा जुनसुकै कार्य गरेको अनुभवको प्रमाणपत्र भएमा - १ अङ्क

**ग. स्थानीय बासिन्दालाई देहाय बमोजिम - ५ (पाँच) अङ्क**

१. गाँउपालिकाको स्थायी बासिन्दा भएमा - ५ अङ्क

**घ. समावेशिता बापत - ५ (पाँच) अङ्क** (समावेशि भनि तोकिएको सिफारिस पत्र आवश्यक)

१. सरकारी सेवामा समावेशिता पाउने समूह बापत - ५ अङ्क

**ङ. अन्तवार्ता अधिकारी सोधपुछ वापत - ५(पाँच) अङ्क**

यस अनुसार अङ्क प्रदान गर्दा न्युनतम २ (दुई) र अधिकतम ४ (चार) को सीमाभित्र रही प्रदान गर्नुपर्नेछ । सो सीमाभन्दा घटी वा बढी अङ्क दिनु परेमा अनिवार्य रुपमा कारण खुलाउनु पर्नेछ । कारण नखुलाई अङ्क प्रदान गरेको भए सीमा भन्दा कम प्रदान गरेको भए दुई अङ्क र सीमा भन्दा बढी प्रदान गरेको भए चार अङ्क गणना गरिनेछ ।

गाउँ कार्यपालिकाका बाट स्वीकृत मितिः२०८१।०६।१४ गते

प्रमाणीकरण मितिः२०८१।०६।१५

**आज्ञाले,**

**रेवतीप्रसाद पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**